चामे गाउँपालिकाको एघारौं गाउँसभा २०७९ असार १० गतेका दिन गाउँपालिकाका उपाध्यक्ष श्री मिङमार ढोमा लामा ज्युले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्य

चामे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७९ साल असार १० गते

*सभाध्यक्ष महोदय,*

१. गाउँपालिकाको एघारौं गाउँसभाको मार्गदर्शक सिदान्तको रुपमा रहेको आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रमको दस्तावेजको रुपमा गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गर्वको महसुस गरेको छु ।

२. सर्वप्रथम, राष्ट्रहित, लोकतन्त्र, संघीय गणतन्त्रको स्थापना मार्फत नागरिक अधिकारको स्थापना, स्वतन्त्रता, मानवअधिकार र समतामुलक समाजको निर्माणको लागि आफ्नो जीवन बलिदान गर्नु हुने ज्ञात, अज्ञात शहिदहरु प्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

३. "कृषि, पर्यटन र जलाधार, चामे समृद्धिको आधार" भन्ने दिर्घकालिन सोचलाई आत्मसाथ गर्दै स्वरोजगार, कृषि, खानेपानी, दिगो पुर्वाधार तथा प्रभावकारी सेवा प्रवाह मार्फत गाउँवासिलाई परिवर्तनको प्रत्यक्ष लाभ पुर्याउने उदेश्य साथ यो बजेट पेश गरेको छु ।

सभाध्यक्ष महोदय,

४. नेपालको संविधान संघिय तथा प्रदेश सरकारबाट जानकारी ऐन कानुन तथा गाउँ पालिकाको अर्थ बिधेयक २०७९, विनियोजन विधेक २०७९, आ.व. २०७९/८० को नीति तथा कार्यक्रम, संघिय तथा प्रदेश सरकारका निति तथा कार्यक्रमहरू गाउँ पालिका वडा स्थारीय भेलाबाट प्राप्त सुझावहरू, गाउँ पालिकाको विषयगत समितिका सुझाबहरू तथा दिगो बिकासका लक्ष्यहरू, विभिन्न सरोकारवालाको सुझाब तथा गाउँपालिका दाजुभाई तथा दिदिबहिनीहरूबाट प्राप्त महत्वपूर्ण तथा व्यवहारिक सुझाबहरूनै आर्थिक बर्ष २०७९।८० को बजेट प्रक्षेपणका आधारहरू हुन।

५. चामे गाउँ पालिकाले स्थानीय सरकारको स्थापनासँगै विभिन्न गौरवका आयोजनाहरू सञ्चालन गर्दै आएकोमा आर्थिक बर्ष २०७९।८० मा देहाएका गौरवका आयोजनाहरू सञ्चालन गर्न बजेट बिनियोजन गरेको छु।

**(क)** स्यार्कु शीत भण्डारण निर्माण कार्य (क्रमागत)

**(ख)** चामे बजार खानेपानी तथा ढल निकास आयोजना (गतक्रमा)

(ग) चामे बसपार्क निर्माण आयोजना (क्रमागत)

(घ) औधोगिक ग्राम निर्माण आयोजना (क्रमागत)

(ङ) लोकप्रिय मावि छात्र/छात्राबास निर्माण आयोजना (क्रमागत)

(च) ठाडो खोलामा २ मेघावाट लघुजलबिधुत आयोजना

६. अब म चामे गाउँपालिकाको आर्थिक स्थितीको संक्षिप्त जानकारी गराउन चाहन्छु। चालु आ.व. २०७८।०७९ को कुल आम्दानी रू ३४ करोड ४१ लाख १६ हजार र व्ययतर्फ रू ३४ करोड ४१ लाख ६१ हजार अनुमान गरीएको थियो। अनुमानित आयमा २०७९ असार पहिलो हप्तासम्म गाउँ पालिकाले आन्तरिक आम्दानी रू २० लाख प्राप्त भएको छ।

७. व्ययतर्फ चालु शीर्षकमा रु ११ करोड २६ लाख ९७ हजार ८७३ विनियोजन भएकोमा २०७९ असार पहिलो हप्तासम्म रु ५ करोड ८० लाख २ हजार ४७८ अर्थात ५१.४६ प्रतिशत र पूँजीगततर्फ रु २२ करोड ७४ लाख ३३ हजार विनियोजिन भएकोमा रु ७ करोड ५४ लाख ४६ हजार अर्थात् ३१.१७ प्रतिशत गरी कुल खर्च जम्मा रु.१३ करोड ३४ लाख ४९ हजार १७७ भएको अवस्था छ ।

८. २०७९ असार मसान्त सम्म संसोधित अनुमान राजश्वतर्फ करीब रु २२ लाख आम्दानी रहने अनुमान गरिएको छ । खर्चतर्फ चालु खर्च करीब रु. ६ करोड ८० लाख र पूँजीगत खर्चतर्फ रु. ११ करोड ६० लाख ३४ हजार तथा संघीय र प्रदेश सरकारको सर्शत अनुदान रु. ४ करोड ५० लाख फ्रिज हुने संशोधित अनुमान गरिएको छ ।

९. अब म आगामी वर्ष २०७९/८० को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गर्दछु ।

- जीवन निर्वाहमुखी स्थानीय कृषि प्रणालीलाई बजार तथा उपभोक्तामुखी कृषि प्रणालीतर्फ विकास र विस्तार गर्ने,
- नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान तथा पर्यटकीय पदमार्गहरुको स्तरोन्नति गरी पर्यटन सेवालाई विविधिकरण गर्ने,

- लघु जलविधुत आयोजना निर्माण गरी आन्तरिक राजश्वको सुदृढिकरण गर्ने,
- सीपमुलक तथा स्वरोजगार प्रवर्धन गर्ने तालिम मार्फत् जनताको जीवनस्तर सुधार गर्ने,
- विपद ब्यवस्थापन तथा क्षति न्युनिकरण गर्दै पुर्बाधार बिकास तथा बस्ती संरक्षणको कार्य गाडि बढाउने,

१०. आर्थिक वर्ष २०७९/८० को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गर्दछु ।

- पुर्वाधार विकास, बस्ती संरक्षण र अधुरा आयोजनाहरुको निरन्तरता
- गुणस्तरिय शिक्षा
- आधारभुत स्वास्थ्य सेवा
- कृषि तथा पशु विकास
- विपद व्यवस्थापन, सरसफाई तथा वृक्षारोपण
- युवा तथा खेलकुद
- सुचना प्रविधिमैत्री सार्वजनिक सेवा
- नयाँ योजनाहरुको सम्भाव्यता अध्ययन र डि.पि.आर.
- राजश्व प्रशासन
- कर्मचारी प्रशासन तथा जनशक्ति विकास
- लघु उद्यम विकास तथा सीपमुलक तालिम

११. बजेटले राखेको उद्देश्य एवम् प्राथमिकता कार्यान्वयन गर्ने संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार, अन्य स्थानिय तहहरु तथा निजी क्षेत्रसँग सहकार्य तथा समन्वय गरिनेछ ।

सभाध्यक्षज्यु,

१२. अब म चामे गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अनुमानित आय र व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१३.** आगामी आर्थिक वर्ष २०७९/०८० मा आयतर्फ रु. ३१ करोड ३७ लाख ७४ हजार विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालु खर्च तर्फ रु. १० करोड १४ लाख ९७ हजार अर्थात् ३२.३४ प्रतिशत र पूँजीगत खर्च तर्फ रु. २१ करोड २२ लाख ७७ हजार अर्थात् ६७.६६ प्रतिशत रहेको छ ।

**१४.** आगामी आ.व. २०७९/८० मा यस गाउँपालिकालाई केन्द्र सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु. ७ करोड १३ लाख, सशर्त अनुदान तर्फको रु. ८ करोड १४ लाख, राजस्व बाँडफाँड तर्फ रु. ४ करोड ३७ लाख ९९ हजार, विशेष अनुदान सशर्त रु. १ करोड ७० लाख, केन्द्र सरकार अन्य अनुदान (चामे बसपार्क निर्माण) तर्फ रु.२ करोड ९६ लाख ५७ हजार, केन्द्र सरकार अन्य अनुदान (चामे उद्योगग्राम निर्माण) तर्फ रु.६० लाख, प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु. ४२ लाख ५७ हजार, लोकप्रिय मा.वि. छात्रवास भवन निर्माण विशेष अनुदान रु.७० लाख, थानचोक स्वास्थ्य चौकी निर्माण समपुरक अनुदान रु. ५० लाख, राजस्व बाँडफाँड तर्फ रु. ६ लाख ४८ हजार र आन्तरिक आय तर्फ कर, दस्तुर र सेवा शुल्क बापत रु. २६ लाख ५० हजार र गत वर्षको मौज्दात तर्फको आन्तरिक आय तर्फ रु. ४ करोड ५० लाख गरी जम्मा रु. ३१ करोड ३७ लाख ७४ हजारको आय अनुमान रहेको छ।

**१५.** अब म चामे गाउँपालिकाका जनताको हित र उन्नति एवं चामेबासीको समृद्धिको लक्ष्यलाई ध्यानमा राखी क्रमशः पूर्वाधार, सामाजिक, आर्थिक, वन तथा वातावरण एवं संस्थागत विकास तथा सुशासन प्रवर्द्धनको क्षेत्रगत प्राथमिकता क्रम निर्धारण गरी आगामी आर्थिक वर्ष २०७९/८० को क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## (क) पूर्वाधार विकास

### सडक

१६. चामे पालिकाको विभिन्न स्थानमा आएको बाढी पहिरोबाट भएको क्षति न्युनीकरण तथा विपद व्यवस्थापन गर्न साथै बस्ती संरक्षणको कार्यलाई अगाडि बढाउन पूर्वाधार विकासतर्फ आवश्यक वजेट बिनियोजन गरेको छु ।

१७. चामे गाउँपालिका मुलत मर्स्याङ्दी करिडोर क्षेत्रमा अवस्थित रहेकोले करिडोर क्षेत्रको विकासमै गाउँपालिकाको समग्र क्षेत्रको विकास निहित रहेकोले चामे ठाडोलाईन माडा चक्रपथको मर्मत संभार गर्ने, चामे बेसीशहर मूल सडकको चामे गाउँपालिका खण्डको मर्मत संभार तथा स्तरोन्नती गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गर्ने र गाउँपालिका भित्रका सबै टोल बस्तीलाई सडक मर्मत गरी यातायात संजालले जोड्नको लागि बजेटको सुनिश्चिता गरेको छु ।

१८. चामे गाउँपालिका क्षेत्रभित्र बाह्रै मासे यातायात सुचारु गर्न **मर्मत सम्भार कोष**को स्थापना गरेको छु।

१९. चामे गाउँपालिका क्षेत्रभित्रका सडकहरुमा रहेका काठेपुललाई बिस्थापन गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिने छ ।

आ.व. २०७९।०८० मा पूर्वाधार बिकासका निम्न गौरवको आयोजनाहरुमा रकम विनियोजन गरेको छु।

(क) स्यार्कु शीत भण्डारण निर्माण कार्य (क्रमागत) - ७० लाख

(ख) चामे बजार खानेपानी तथा ढल निकास आयोजना (क्रमागत) — १ करोड १० लाख

(ग) चामे बसपार्क निर्माण आयोजना (क्रमागत) — २० लाख

(घ) ठाडो खोलामा २ मेघावाट लघुजलबिधुत आयोजना — ७५ लाख

(ङ) थानचोक स्वास्थ्य चौकी — २० लाख

## सिंचाई

२०. कृषि क्षेत्रमा सिंचाईको पहुंच बढाउन गाउँपालिका क्षेत्रभित्रका खोला नालाको पहिचान गरी सिंचाईको सुविधा नभएका कृषि क्षेत्रहरुमा सिंचाई आयोजना सञ्चालन मार्फत सिंचाई सुविधा उपलब्ध गराइनेछ। स्प्रिङ्कल र थोपा सिंचाई प्रणालीलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

**भवन तथा बस्ती विकास**

२१. भू-उपयोग नीति बनाई बस्ती विकास, आवास विकास, बजार व्यवस्थापन, कृषि तथा व्यवसाय क्षेत्र जस्ता क्षेत्रमा वर्गीकरण गरी व्यवस्थित रुपमा विकास गर्न गाउँपालिका क्षेत्रको यस आ.व.मा तयार हुने **भू-उपयोग नक्शाङ्कन** अनुसार बस्ति व्यवस्थित गरिने छ ।

२२. गाउँपालिका क्षेत्रभित्रका नदि खोलाबाट जोखिम रहेका स्थान पहिचान गरी सुरक्षित स्थानमा बलियो घर सुरक्षित घर निर्माण अभियान सञ्चालन गर्ने र नक्सापास नगरी घर बनाउनेलाई कारवाही गरिने नीति लिइने छ। गाउँपालिका भित्रका सम्पूर्ण घरलाई भौगोलिक सूचना प्रणालीमा आवद्ध गर्न सम्भाव्यता अध्ययनका लागि बजेटको व्यवस्था गरेकोछु ।

**(ख) सामाजिक**

**स्वास्थ्य**

२३. प्रदेश सरकारको सहकार्यमा ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम सञ्चालन गरिने छ ।

२४. संक्रामक महामारी रोग फैलिन नदिन सेवा केन्द्रसम्म नै सतर्कता अपनाउनुका साथै आपतकालीन अवस्थामा तत्कालै परिचालन हुन सक्ने गरी संघीय एवं प्रदेश सरकारको सहकार्यमा व्यवस्था मिलाईने छ। साथै स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित बनाई तथ्यांकहरुको गुणस्तर र विश्वसनीयतामा वृद्धि गरिने छ।

**शिक्षा**

२५. सामुदायिक विद्यालयलाई गुणस्तरिय पठनपाठनको लागि विद्यार्थीको रोजाईमा पर्ने अवस्थामा पुऱ्याउन चामे गाउँपालिकाको लोकप्रिय माध्यमिक विद्यालयको आवासीय कार्यक्रम रु.४५ लाख अनुदान र तिमाङको गौरीशंकर आधारभूत विद्यालयमा दिवा आवासिय कार्यक्रमलाई रु. २० लाख बिनियोजन गरेको छु ।साथै भवन, फर्निचर,

कम्प्युटर, विज्ञान प्रयोगशाला लगायतका भौतिक पूर्वाधारले सुसज्जित बनाउन संघ र प्रदेश सरकारको सहकार्यमा कार्यक्रम सञ्चालन हुने गरी व्यवस्था मिलाएको छु।

२६. गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयको व्यवस्थितरुपमा सञ्चालन गर्न गाउँ शिक्षा नीति तर्जुमा गरी लागू गरिनेछ ।

२७. स्थानीय सँस्कृति, भूगोल, पहिचान, बौद्ध परम्परा तथा पर्यटकीय गन्तव्यहरु समेटिने गरी कक्षा १-५ सम्मको स्थानीय पाठ्यक्रम तर्जुमा गरिनेछ।

**खानेपानी तथा सरसफाई**

२८. सबै वडाहरुमा आधारभूत सरसफाई तथा स्वच्छ खानेपानी उपलब्ध गराउन एक घर एक धाराका लागि खानेपानी योजना संचालन गर्न चामे बजार खानेपानी विस्तार तथा ढल निकास योजनाको लागि रु. १ करोड १० लाख बजेटको व्यवस्था मिलाएको छु ।

**खेलकुद**

२९. गाउँपालिकास्तरीय फुटबल तथा भलिबल प्रतियोगितालाई निरन्तरता दिन र खेलकूलको विकासमा टेवा पुऱ्याउन रु. ३ लाख बजेट विनियोजन गरेको छु ।

**महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक, लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण तथा सामाजिक समावेशीकरण**

३०. महिला, बालबालिका तथा लैङ्गिक असमानता र हिंसा निवारणको क्षेत्रमा भएका राम्रा अभ्यास र सिकाईहरुलाई अनुसरण गरिनेछ। लैङ्गिक समानताको अनुभूती गर्न र हिंसामुक्त समाज निर्माण गर्न व्यक्तित्व विकास, संरचनागत विकास र व्यवसायिक विकास गरिनेछ ।

३१. समाजमा स्थापित बौद्धिकस्तरका ज्येष्ठ नागरिकका सीप, ज्ञान, बुद्धि, विवेक र कार्यकौशलताको पहिचान गरी त्यसको उपयोग गरिनेछ ।

३२. एकवडा एक बाल उद्यानकेन्द्र बनाउन गाउँपालिका बासीको सहकार्यमा योजना सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

३३. आर्थिक रुपमा विपन्न महिला, दलित, अल्पसङख्यक तथा पिछडिएका समुदायको क्षमता वृद्धि गर्दै लगिनेछ। आयआर्जन तथा विकासमा सहभागिता गराउन सीप विकास तथा उद्यमीका लागि बजेटको व्यवस्था मिलाएको छु ।

३४. जेष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप तथा अनुभव पुस्तान्तरण तथा हस्तान्तरण गर्न वडास्तरीय कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## कानुनी मामिला तथा न्याय

३५. गाउँपालिका क्षेत्रभित्रका न्यायमा पहुँच नभएका पीडित, असहाय तथा अशक्तहरुलाई निःशुल्क कानूनी सेवा उपलब्ध गराईनेछ।

३६. कानूनी साक्षरता कार्यक्रम तथा निर्वाचित जनप्रतिनिधीहरुलाई अतिआवश्यक कानूनी ज्ञान प्रदान गर्ने व्यवस्थाका लागि बजेटको व्यवस्था मिलाएकोछु।

३७. गाउँपालिका भित्र आइपर्ने स्थानीयस्तरका झैझगडा, लुटपिट, गाली बेइज्जती लगायतका मुद्दामामिलाको कानुनी उपचारका लागि न्यायिक निकायहरुसँग समन्वय र सहकार्य गर्न स्थानीय न्यायिक समितिलाई सक्रिय बनाईनेछ।

## (ग) आर्थिक

## कृषि तथा पशुपंक्षी

३८. यस गाउँपालिकाको समग्र कृषिक्षेत्रको व्यवसायीकरण, विविधीकरण र आधुनिकीकरणको माध्यमबाट उत्पादकत्व वृद्धि गरी कृषि उत्पादनमा आत्मनिर्भर भई बाह्य बजारमा निर्यात गर्न सक्ने अवास्थामा पुर्याउन उपयुक्त प्रविधि उपयोग गर्न सक्ने कृषक, युवा उद्यमी तथा विज्ञहरुको क्षमता विकासका लागि बजेटको व्यवस्था मिलाएकोछु ।

३९. युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्न पशुपालन (चौरी, च्याङग्रा), तरकारी खेती, स्याउ खेति, जडीबुटी खेती, च्याउ उत्पादन, कुखुरा, बुङगुर पालन व्यवसाय आदिमा मापदण्ड बनाई उत्पादनमा आधारित अनुदानका लागि बजेट प्रस्ताव गरेको छु ।

४०. असन्तुलित र अनियन्त्रित विषादीहरुको प्रयोगबाट उत्पादित वस्तुहरुको उपभोगले जनस्वास्थ्य र पर्यावरणमा गम्भीर असर पार्ने हुनाले यसको नियन्त्रण गर्ने नीति लिइने छ र जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरिने छ।

४१. तरकारी, स्याउ, दाँते ओखर, लसुन, आलु, मह, करु, फापर, कोलो (दलहन) जस्ता निर्यातजन्य कृषि उपजहरुको उत्पादन बृद्धि गरी गुणस्तरीयता कायम गर्न र मूल्य श्रृङ्खलामा आउने अवरोधहरु कम गर्न कृषक समूह, सहकारी तथा उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ।

४२. प्रत्येक वडाहरुमा सम्भाव्यता हेरी कम्तीमा एक वटा नमुना साझेदारी कृषि फर्म स्थापना र एक वडा एक उत्पादन गर्न प्रोत्साहनका लागि पर्याप्त बजेटको व्यवस्था मिलाएको छु ।

४३. परम्परागत एवम् निर्वाहमुखी पशुपन्छी पालनलाई व्यवसायीकरण, विविधिकरण तथा आधुनिकीकरणको माध्यमबाट पशुपन्छीजन्य वस्तुको उत्पादन, बजारीकरण तथा निर्यात प्रवर्द्धन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

४४. गाउँपालिकामा रहेका सम्पूर्ण पशुपन्छीको विद्युतीय अभिलेखिकरण गर्न प्रणालीको विकास एवम् तालिम र आधुनिक गणना (ट्यागिङ्) कार्यक्रम सञ्चालनका लागि रकम व्यवस्था गरेको छु ।

४५. कृषि तथा पशुपक्षी विकास कार्यक्रमको लागि ससर्त सहतित एकमुष्ट रु. ३० लाख विनियोजन गरेको छु ।

४६. चामे गाउँपालिकामा कृषि प्रवर्दनको लागि कृषि मेला संचालन गरिने छ ।

## उद्योग

४७. विना उद्यमी गाउँको विकास सम्भव नभएकोले नेपाल सरकारबाट स्वीकृत उद्यम विकास (मेडपा) कार्यक्रम अन्तर्गत चामे गाउँपालिकाको सबै वडा हरुमा उद्यमसिलता विकास तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रमको सम्पन्न गर्न रु.७ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

४८. चामे गाउँपालिकामा सम्भाव्य उद्योग जस्तै जडिवुटी, शुद्ध पिउनेपानी, स्याउको परिकार आदी संचालन गर्न वडा नं. ४ छ्यार्थाङ्गमा उद्योगग्राम निर्माण गर्न प्रदेश तथा संघ सरकारबाट रकम विनियोजन भएको हुँदा आर्थिक वर्ष २०७९/८० भित्र उक्त उद्योग ग्राम निर्माण गर्ने लक्ष्य लिएको छु। विभिन्न घरेलु साथै

स्थानीयस्तरका जडीबुटी लगायतका  उद्योगहरुलाई सञ्चालन गर्न अनुमति प्रदान गरी उत्पादन र उत्पादकत्व बढाउने र रोजगारीका अवसर सृजना गर्न आवश्यक प्रबन्ध मिलाएको छु।

**पर्यटन तथा संस्कृति विकास**

४९. गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण कार्यक्रमको लागि रु. १० लाख बजेट प्रस्ताव गरेको छु ।

५०. पर्यटन विकासको लागि चामे, कजिनसारा ताल हुदै सिकलेस सम्म वैकल्पिक पदमार्ग अध्ययन, अनुसन्धान कार्यक्रमको लागि रु.२ लाख बजेट प्रस्ताव गरेको छु।

५१. चामे गाउँपालिका बासीले परम्परागतरुपमा मनाउँदै आईरहेको धज्याङ्ग पर्व, यार्ताङ्ग पर्व, छार्ताङ् लगाएका सम्पूर्ण पर्वलाई जिवन्त राख्न विशेष स्थानको प्रबन्ध मिलाई सर्वसुलभ एवं मर्यादित बनाउँदै सँस्कृतिको जगेर्ना गरिनेछ ।

५२. चामे गाउँपालिकाभित्रका स्थानीय भाषा, संस्कृति, संस्कार, लिपी, लोकगाथा, पहिचान तथा इतिहास झल्कने गरी उच्च हिमाली संग्रालयको निर्माणका लागि पर्यटन गुरुयोजना अनुसार अध्ययन गर्ने व्यवस्था मिलाएको छु ।

५३. चामे गाउँपालिकामा पर्यटन भित्र्याउन आकर्षक कार्यक्रम ल्याइनेछ।साथै पर्यटकीय क्षेत्रको प्रचार प्रसारका लागि गाउँपालिका क्षेत्रमा पर्यटन सूचना केन्द्रको स्थापनाका लागि रु.२ लाख बजेट प्रस्ताव गरेकोछु ।

५४. चामे गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतको अधिक्तम् उपयोग गर्दै साहासिक खेलको क्यानोनिङ र रक क्लाईमिङका लागि पूर्वाधार निर्माण सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने कार्यको शुरुवात गरिनेछ ।

**सहकारी**

५५. सहकारी संस्थाहरुको तथाङ्क अद्यावधिक गरी नियमित रुपमा अनुगमन गरिने कार्यको थालनी गरिनेछ ।

५६. उत्पादन, बजारीकरण, स्वरोजगार सृजना र सेवा व्यवसाय गर्न सहयोग पुऱ्याउने र संलग्न हुन चाहने सहकारी संस्थाहरुलाई अनुकूल वातावरण मिलाईनेछ ।

५७. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि वित्तीय साक्षरता र सीपमूलक तालिम सञ्चालन गरिनेछ।वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई विदेशमा सिकेको

ज्ञान र  सीपलाई लक्षित गरी स्वरोजगारका कार्यक्रम सञ्चालन गर्न उत्प्रेरित गरिनेछ। साथै आर्थिक आयआर्जनका रुपमा बेरोजगार युवाहरुलाई स्वरोजगार तालिम उपलब्ध गराइनेछ।

**व्यापार**

५८. व्यापार व्यवसायलाई व्यवस्थित रुपमा संचालन गर्न नियमन गरिनेछ।

५९. पालिका भित्र संचालन भएका विभिन्न व्यवसायहरु लाई पालिका भित्र अनिवार्य दर्ता गराई करको दायारा भित्र ल्याउने नीति रहेकोछ ।

**उपभोक्ता हित संरक्षण**

६०. उपभोक्ता हित संरक्षणकालागि उपभोग्य वस्तुको गुणस्तर, परिमाण, शुद्धता, उत्पादन मिति र दर्ता नम्वर जस्ता कुराहरु उल्लेख भए नभएको बारेमा सरोकारवाला संघ संस्थासँगको सहकार्यमा बजार अनुगमन गर्ने कार्यको थालनी गरिनेछ।

६१. सुर्तिजन्य र मदिराजन्य पदार्थ बिक्री वितरणलाई नियमन गरिनेछ। तोकेको समय र स्थानबाट मात्र बिक्रीवितरण गर्न पाउने व्यवस्थालाई क्रमशः लागू गरिनेछ।

६२. प्लाष्टिकको उत्पादन र प्रयोगलाई निरुत्साहित गरिनेछ।

**(घ) वातावरण तथा विपद् व्यवस्थापन**

**वन, वातावरण तथा भू-संरक्षण**

६३. यस गाउँपालिकाभित्र गाउँ साझेदारी वन उद्दान कार्यक्रम सञ्चालन गरिनेछ। साथै जैविक विविधता संरक्षण सम्बन्धी कार्यक्रम र बोटानिकल गार्डेन बनाउन संघीय सरकार एवम् प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

६४. पानी मुहानको संरक्षण गर्ने नीति लिइनेछ। वातावरण संरक्षणका लागि विशेष ध्यान दिनुका साथै वातावरण प्रदुषित गर्ने सबै वस्तु र कार्यलाई निरुत्साहित गरिनेछ। प्रत्येक घर, सुन्दर घर अभियान सञ्चालन गरिनेछ।

६५. गाउँको स्वामित्वमा भएका ऐलानी तथा सार्वजनिक जग्गाको अभिलेखीकरण गरी त्यस्ता जग्गाको संरक्षण तथा व्यवस्थापन गरिनेछ । साथै भू-क्षय तथा नदी

कटान नियन्त्रणका लागि प्रदेश तथा संघीय सरकारसँगको सहकार्यमा आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

६६. गाउँपालिकाभित्र फोहोरमैला व्यवस्थापन तथा बर्गीकरण गरी स्वच्छ, सफा र हराभरा चामे गाउँपालिका बनाउन विभिन्न आमा समूह, बस्ती तथा क्लबहरुसँग सहकार्य गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

## जल उत्पन्न प्रकोप व्यवस्थापन

६७. खोला तथा नदीमा नदीजन्य पदार्थ जम्मा भइ हुन सक्ने जोखिमबाट गाउँबस्ती बचाउँनका लागि अध्ययन गराई नदीजन्य पदार्थ नदीबाट हटाई संरक्षणका लागि आवश्यक व्यवस्थापन गरिनेछ। साथै यस गाउँपालिका क्षेत्रभित्रका खोलाबाट हुने नदी कटान तथा बस्ती जोखिम हुन रोक्न तटबन्धका लागि प्रदेश सरकारसँग सहकार्य गरी सुरक्षित गराइनेछ।

## विपद् व्यवस्थापन

६८. विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून र मापदण्डलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्दै **स्थानीय विपद् व्यवस्थापन कोष**को संचालन गरिने छ ।

६९. स्थानीय क्षेत्रमा हुन सक्ने विपद्लाई आँकलन गर्दै विपद् व्यवस्थापन कार्यलाई चुस्त बनाउन स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाईनेछ ।

७०. स्थानीय नागरिकलाई विपद् व्यवस्थापन सम्बन्धी सूचना प्रवाह गर्न २४ सैं घण्टा सञ्चालन हुने गरी आपतकालिन सूचना साईरल (ध्वनी यन्त्र) को जडान गर्ने कार्यका लागी बजेट प्रस्ताव गरेको छु ।

७१. बाढी, पहिरो, हिउँपहिरो, हिमपात जस्ता विपदबाट राहत, उद्धार तथा पुर्नस्थापना कार्यको लागी रु.१० लाख बजेट रहेको विपद व्यवस्थापन कोषको व्यवस्थापन गरेको छु।

## (ङ) संस्थागत विकास, संचार र प्रविधि

७२. सेवा प्रवाहलाई सहज, सरल र प्रविधिमैत्री बनाउदै शीघ्र सेवाको अनुभूती गराईनेछ। कर्मचारीबाट "मुस्कान सहितको नागरीक सेवा प्रवाह" गर्ने कार्य शैली अवलम्वन गरिनेछ।

७३. यस गाउँपालिकाको कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिमको लागि रु. २ लाख बजेट प्रस्ताव गरेको छु ।

**सुरक्षा व्यवस्थापन**

७४. सुरक्षा निकायसँगको सहकार्यमा गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने बासिन्दाको सुरक्षित जीवनको प्रत्याभूती गर्ने व्यवस्थालाई बलियो र विश्वासिलो बनाउन सुरक्षा चामे बजारमा सिसि क्यामेराको जडान गरीएको थियो ।

**पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी**

७५. अनलाइन प्रणालीमा आवद्ध गरिएको व्यक्तिगत घटना दर्तालाई वडास्तरमा पूर्णरुपमा बिस्तार गरिनेछ। साथै व्यक्तिगत घटना दर्ता समयमै गराउन जनचेतना कार्यक्रम संचालन गरिनेछ।

७६. कम्प्युटरकृत गरिएको सामाजिक सुरक्षाका लाभग्राहीको अभिलेखलाई वडा कार्यालय मार्फत अद्यावधिक गरिने व्यवस्था मिलाईनेछ।

**योजना, स्थानीय तथ्यांक तथा अभिलेख**

७७. चामे गाउँपालिकाको संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ढाचाँमा आधारित दिर्घकालीन पाश्वचित्र (डिजिटल भिलेज प्रोफाईल) निर्माण कार्यको लागी रु.५ लाख बजेट प्रस्ताव गरेको छु ।

७८. विकास निर्माणका योजनाहरु कार्यान्वयन गर्दा पाँच लाख भन्दा ठूला योजना निर्माण व्यवसायिक मार्फत प्रतिस्पर्दा गराई नियमानुसार कार्यालयबाट गर्ने र पाँच लाखभन्दा कमका योजनाहरु वडाकार्यालय मार्फत उपभोगता समितिद्वारा निर्माण गरिने नीतिलाई पूर्णरुपमा पालन गर्ने व्यवस्था मिलाईनेछ । योजना अनुगमन तथा मूल्यांकन प्रक्रियालाई सुदृढ बनाइनेछ।

७९. प्रारम्भिक सर्वेक्षण भएका र विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) तयार भएका योजनालाई छनोट गर्ने प्रणाली स्थापित गर्ने कार्यलाई निरन्तरता दिईनेछ। साथै स्थानीय तहमा संचालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई गरिनेछ।

८०. गाउँपालिकामा उपभोक्ता समितिमार्फत सञ्चालन गरिने योजनालाई जनसहभागितामूलक बनाउने कार्यको थालनी गरिनेछ ।

## सुशासन प्रर्वद्धन

८१. यस गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाहलाई समान, सहज र सर्वसुलभ बनाई पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरिनेछ।

८२. नेपाल सरकारबाट निजामती  कर्मचारीका लागि घोषणा गरिएको तलब बृद्धि दरमा एकरुपता हुने गरी चामे गाउँपालिकामा कार्यरत कर्मचारीको तलव बृद्धि समायोजन गरिनेछ। स्थानीय तहको तहगत संरचना अनुसार तलब स्केल कायम गरिनेछ।

८३. चामे गाउँपालिकाको राजश्व प्रशासनलाई सीप, साधन र स्रोत उपलब्ध गराई सुदृढ बनाईनेछ। सबै वडा कार्यालयबाट कर बुझाउन सक्ने व्यवस्था क्रमशः मिलाइनेछ। करदातालाई कर तिर्न उत्प्रेरित गर्ने नीति लिइनेछ। **"हामीले तिर्ने करबाट हाम्रै विकास हुने हो भन्ने"** भावना जागृत गराइनेछ। सबै भन्दा धेरै कर बुझाउने एक जना **उत्कृष्ट करदातालाई सम्मान** गरिनेछ ।

८४. चामे गाउँपालिकालाई बुझाउनु पर्ने कर दायित्व समयमा नै नबुझाएका बासिन्दालाई गाउँपालिकाबाट उपलब्ध हुने अनुदानमा कटौती गर्नुका साथै नियमानुसार जरिवाना सहित बक्यौता रकम असुल गरिनेछ ।

८५. सेवा प्रवाहमा राष्ट्रसेवक कर्मचारीलाई कामप्रति जवाफदेही, जिम्मेवारी, उत्तरदायी र अभिप्रेरित गर्न पुरस्कार एवं सम्मानका कार्यक्रम प्रदान गर्न आवश्यक बजेट प्रस्ताव गरेको छु ।

## संचार

८६. गाउँपालिकाबाट प्रवाह गरीने सूचनामा सबैको सहज पहुँज र सूचना प्रवाहमा सरलीकरण गरिनेछ।

८७. पालिकाबाट प्रदान गरिने सूचनाहरुामा पारदर्शिरुपमा सबैको समान पहुच हुने गरी तोकिएको सूचना अधिकारी तथा कार्यलयको वेवसाईट, ईमेल, पालिकाको सामाजिक संजाल मार्फत प्रदान गरीनेछ ।

८८. सूचना प्रविधिमैत्री गाउँपालिकाको रुपमा स्थापित कार्यलाई निरन्तरता दिईने छ ।

८९. पालिकास्तर तथा वडास्तरमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई तथा सुचनाको हक कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

## युवा तथा रोजगार

९०. कृषि तथा पशु व्यवसायमा संलग्न उधमशिल युवालाई सिपमुलक तालिमका साथै अभिप्रेरणाका कार्यक्रहरुको लागि कार्यक्रम संचालन गरिनेछ ।

अन्त्यमा,

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने गाउँ पालिका अध्यक्ष्यज्यू, कार्यपालीका सदस्यज्यूहरु, गाउँसभा सदस्यज्युहरु, बिषयगत समितिहरू, बिज्ञ महानुभाब, सबै चामे गाउँ बासी एवं बजेट निर्माण कार्यमा अहोरात्र खटिने गाउँपालिकाका सम्पुर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै आय र व्यय समेटिएको रातो किताबमा बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

धन्यवाद।

# अनुसूचीहरू

## अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिमसंञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. सं | अनुदान संख्या | वजेटप्राप्तिका श्रोत | चालु खर्च | पूजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | केन्द्र सरकार समानीकरण अनुदान | ० | ७ करोड १३ लाख | | ७ करोड १३ लाख |
| २ | | केन्द्र सरकार राजस्व बाँडफाँड | ४ करोड ३७ लाख९९ हजार | ० | | ४ करोड ३७ लाख९९ हजार |
| ४ | | केन्द्र सरकार सशर्त अनुदान | ५ करोड ४४ लाख | २ करोड ७० लाख | | ८ करोड १४ लाख |
| ५ | | केन्द्र सरकार समपुरक अनुदान विपद् व्यवस्थापन अन्तर्गत ) मस्याङदी र ठाडो खोलाहरुमा तटवन्धन( | ० | १ करोड ७० लाख | | १ करोड ७० लाख |
| ६ | | प्रदेश सरकार समानीकरण अनुदान | ० | ४२ लाख ५७ हजार | | ४२ लाख ५७ हजार |
| ७ | | प्रदेश सरकार राजस्व बाँडफाँड | ६ लाख ४८ हजार | ० | | ६ लाख ४८ हजार |
| ८ | | प्रदेश सरकार विशेष अनुदान लोकप्रिय मा वि छात्रवास भवन निर्माण | ० | ७० लाख | | ७० लाख |
| ९ | | प्रदेश सरकार समपुरक अनुदान ण थान्चोक स्वास्थ्य चौकी निर्मा) (प्रतिशत ५० | | ५० लाख | | ५० लाख |
| १० | | केन्द्र सरकार अन्य अनुदान चामे ) (बसपार्क निर्माण | | २ करोड ९६ लाख ५७ हजार | | २ करोड ९६ लाख ५७ हजार |
| ११ | | केन्द्र सरकार अन्य अनुदान चामे ) (उद्योगग्राम निर्माण | | ६० लाख | | ६० लाख |
| १२ | | आन्तरिक आय (अनुमान) | २६ लाख ५० हजार | ० | | २६ लाख ५० हजार |
| १३ | | आन्तरिक आय (गत वर्षको नगद मौज्दात) | | ४ करोड ५० लाख ६३ हजार | | ४ करोड ५० लाख ६३ हजार |
| | | कुल जम्मा | १० करोड १४ लाख ९७ हजार | २१ करोड २२ लाख ७७ हजार | - | ३१ करोड ३७ लाख ७४ हजार |

# अनुसूची-२

आ.व २०७९/०८० मा यस चामे गाउँपालिकाको संञ्चित कोषवाट देहाय वमोजिम शिर्षकगत र क्षेत्रगत खर्च गरिनेछ ।

(क) संचालन खर्च(चालु तर्फ)

रकम रू. हजारमा

| क्र. सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | राजस्व बाँडफाँड-संघीय सरकार | राजस्व बाँड फाँडप्रदेश सरकार | नेपाल सरकार समानिकरण अनुदान | आन्तरिक स्रोतको गतको अल्या |
|---|---|---|---|---|---|---|---|
| १ | २१११११ | पारिश्रमिक कर्मचारी | १३३०० | १३३०० | | | ० |
| २ | २११११२ | पारिश्रमिक पदाधिकारीसुविधा/ | ६३४५ | ६३४५ | | | ० |
| ३ | २११११२ | पदाधिकारी विमा | २७० | २७० | | | ० |
| ४ | २११२१ | पोशाक | ४५० | ४५० | | | ० |
| ५ | २११३१ | स्थानीय भत्ता | ३२०० | ३२०० | | | ० |
| ६ | २११३२ | महंगी भत्ता | ६०० | ६०० | | | ० |
| ७ | २११३४ | कर्मचारी बैठक भत्ता | ५०० | ५०० | ० | | ० |
| ८ | २११४१ | पदाधिकारी बैठक भत्ता | ५०० | ५०० | | | |
| ९ | २१२१२ | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १२५ | १२५ | | | ० |
| १० | २१२१४ | कर्मचारी कल्याण कोष | १५०० | १५०० | | | |
| ११ | २२१११ | पानी तथा बिजुली | ४०० | ४०० | | | ० |
| १२ | २२११२ | संचार महसुल | ३०० | ३०० | | | ० |
| १३ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन( | १००० | १००० | | | ० |
| १४ | २२२१३ | सवारी साधन मर्मत खर्च | २००० | १००० | | | १००० |
| १५ | २२२१४ | बिमा तथा नवीकरण खर्च | ४०० | ४०० | | | |
| १६ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३५० | ३५० | | | ० |
| १७ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २००० | २००० | | | |
| १८ | २२३१४ | इन्धनअन्य- प्रयोजन | ३०० | ३०० | ० | | ० |
| १९ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५०० | ३०० | २०० | | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | २२४११ | सेवा र परामर्श खर्च | ७०७ | ७०७ | | | ० |
| २१ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालनसंग सम्वन्धीत खर्च | ३०० | ० | ० | | ३०० |
| २२ | २२४१३ | करार सेवा शुल्क | २७०० | २४५२ | २४८ | | ० |
| २३ | २२४१४ | सरसफाई सेवा शुल्क | ३५० | ३५० | | | ० |
| २४ | २२५११ | कर्मचारी क्षमता विकास तालिम खर्च | २०० | २०० | | | ० |
| २५ | २२५२९ | विविध कार्यक्रम खर्च | ३०० | ३०० | | | ० |
| २६ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | ८०० | ८०० | | | ० |
| २७ | २२६१२ | भ्रमण खर्च | १५०० | १५०० | | | ० |
| २८ | २२६१२ | जन प्रतिनिधिकर्मचारी अध्ययन अवलोकन / भ्रमण | १००० | ८०० | | | २०० |
| २९ | २२७११ | विविधअतिथि/ सत्कार खर्च | १००० | १००० | ० | | ० |
| ३० | २२७११ | विविध खर्च वडा कार्यालय संचालन | ५०० | ३४४ | ० | | १५६ |
| ३१ | २२७२१ | सभा सञ्चालन खर्च | ६०० | ४०० | | | २०० |
| ३२ | २५३१५ | अन्य सहायता | २०० | २०० | | | ० |
| ३३ | २८१४२ | घर भाडा | ४०० | ४०० | | | ० |
| ३४ | २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | ५०० | ५०० | | | ० |
| ३५ | २२४१३ | एम आइ एस अपरेटर फिल्ड सहायकहरुको थप तलव चाडपर्व र पोशाक समेत | २०० | ० | २०० | | ० |
| ३६ | २११११ | बालविकास शिक्षिका विद्यालय कर्मचारी सथप पारीश्रमिक .का. | १००० | ५०६ | ० | | ४९४ |
| ३७ | २११११ | सूचनाको हक सम्वन्धी कार्यक्रम तथा ठक खर्च | १०० | ० | ० | | १०० |
| ३८ | २८९११ | भैपरी आउने चालु खर्च | १००० | ५०० | ० | | ५०० |
| | | **कूल जम्मा =** | ४७३९७ | ४३७९९ | ६४८ | ० | २९५० |

(ख) गाउँपालिकाका गौरवका आयोजनाहरु

रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | २५३११ | लोकप्रिय मासिय विद्यालय आवा.वि. चालन कार्यक्रमसं | ४५०० | ४५०० | | | ० |
| २ | २५३११ | गौरी शंकर आदिवा आवासीय .वि. कार्यक्रम | २००० | ० | ० | | २००० |
| ३ | ३१११२ | स्यार्कु सित भण्डार निर्माण (क्रमागत) समपुरक समेत | ७००० | | | | ७००० |
| ४ | ३११५६ | चामे बजार खानेपानी विस्तार र ढल निकास आयोजनासाँझेदारी कार्यक्रम - | ११००० | | ० | | ११००० |
| ५ | ३११५९ | चामे बसपार्क निर्माण योजना | २००० | ० | ० | | २००० |
| ६ | ३१११२ | चामे सिटीहल भान्छा घर र शौचालय निर्माण | ३००० | ३००० | ० | | ० |
| ७ | ३११५३ | चामे विद्युत आयोजना निर्माणमेघ २-वाट | ७५०० | ७५०० | ० | | ० |
| | | **जम्मा =** | ३७००० | १५००० | ० | ० | २२००० |

(ग) गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमहरु

रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| १ | २७२१२ | प्रकोप व्यवस्थापन तथा उद्धार कोष | १००० | ० | | | १००० |
| २ | २२५२२ | कृषि क्षेत्र विकास तथा विस्तार कार्यक्रम | १५०० | १५०० | ० | | |
| ३ | २२५२२ | पशु क्षेत्र विकास तथा विस्तार कार्यक्रम | १५०० | १५०० | ० | | ० |
| ४ | २२५२२ | शिक्षा कार्यक्रम | १२०० | १२०० | ० | ० | ० |
| ५ | २२५२२ | स्वास्थ्य कार्यक्रम | १००० | १००० | ० | ० | ० |
| ६ | २२५२२ | गाउँपालिकास्तरीय सीपमूलक तालिम कार्यक्रम | ५०० | ५०० | ० | ० | ० |
| ७ | २२५२२ | लघु उद्यम विकास कार्यक्रम | ७५० | ७५० | ० | ० | ० |
| ८ | २२५२२ | खेलकुद कार्यक्रम | ३०० | ३०० | ० | | ० |
| ९ | ३११७१ | समपुरक कोष | १००० | ० | ० | | १००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | ३११५४ | तिर्चुङगाल्ता बस्ति संरक्षणसमपुरक- | ९०० | ९०० | ० | | ० |
| ११ | ३११५४ | सिटिहल देखि चिहानघाट सम्म बस्ति संरक्षण समपुरक- | २४०० | २४०० | ० | | ० |
| १२ | ३११५४ | बिजुलि पावरहाउस देखि एक्याप कार्यालय संम बस्ति संरक्षण - समपुरक | १२०० | १२०० | ० | | ० |
| १३ | ३११५४ | हुलाक कार्यालय देखि दाया बाया २०० मि - सम्म बस्ति संरक्षण . समपुरक | २४०० | २४०० | ० | | ० |
| १४ | ३११५४ | विद्युत कूलो मुनीबाट स्कूल स्याउबारीसम्म तटवन्धनसमपुरक- | १२०० | १२०० | ० | | ० |
| १५ | ३११५४ | माडा झो पू बाट स्याउवारी कुनासम्म तटवन्धनसमपुरक- | २००० | २००० | ० | | ० |
| १६ | ३११५४ | लोकप्रिय मा संरक्षण.वि. समपुरक-(मर्स्याङदी) | १२०० | १२०० | ० | | ० |
| १७ | २२४११ | संगठन तथा व्यवस्थापन सर्वेक्षण | ३०० | ३०० | ० | | ० |
| १८ | ३११११ | कजिनसारा ताल पर्यटकीय भ्रमण | २०० | २०० | ० | | ० |
| १९ | ३१११२ | वडा न 1 को कार्यालय भवन निर्माण | २५०० | १५०० | ० | | १००० |
| २० | ३१११२ | वडा न 2 को कार्यालय भवन निर्माण | २५०० | १५०० | ० | | १००० |
| २१ | ३१११२ | वडा न ४ को कार्यालय भवन निर्माण | २५०० | १५०० | ० | | १००० |
| २२ | ३११३५ | ३ वटा वडा कार्यालय भवन डिआर निर्माण.पि. | १५०० | ० | ० | | १५०० |
| २३ | २२५२२ | चामे गाउँपालिकास्तरीय फोहोर मैला व्यवस्थापन कार्यक्रम ड्राइभर र सहयोगी समेत | ६५० | ६०० | ० | | ५० |
| २४ | ३११२२ | मेसीनरी औजार तथा अन्य उपकरण खरिद | ५०० | ५०० | ० | | |
| २५ | ३११२२ | विपद् उद्धार सामग्री खरिद | ३०० | ० | ३०० | | ० |
| २६ | ३११२३ | वडा कार्यालय फर्निचर तथा फिक्चर्स खर्च | १००० | १००० | | | |
| २७ | ३१११२ | थान्चोक स्वास्थ्य चौकी भवन निर्माण समपुरक | २००० | २००० | ० | | ० |
| २८ | ३११६० | चामे बजार क्षेत्रका सार्वजनिक सम्पत्तीको संरक्षण गर्न मर्मत तथा | ५०० | ० | ५०० | | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | रंगरोगन कार्य | | | | | |
| २९ | ३११६१ | झोलुङगे पुल समपुरक कोष | ६५० | ६५० | | | ० |
| ३० | ३१२२१ | खानेपानी पाइप खरीद | ५०० | ५०० | | | ० |
| ३१ | ३११२२ | कम्प्यूटर उपकरणल्यापटप- खरीद | १००० | १००० | | | ० |
| ३२ | ३११७१ | चामे गाँउपालिका भित्र सडक मर्मतसुधार | ५०० | ५०० | ० | | |
| ३३ | ३१४११ | थानन्चोक वडा कार्यालय जग्गा खरीद | १५०० | ० | | | १५०० |
| ३४ | २२४११ | गाउँपालिका पाश्वचित्र निर्माण- )Rural Profile) क्रमागत | ३०० | ३०० | | | |
| ३५ | २२४११ | गाउँपालिका पाश्वचित्र वेव सिस्टम बनाउने कार्य | २०० | ० | | | २०० |
| ३६ | ३११२१ | सवारी साधन जीप खरीद | ४९०० | ० | | | ४९०० |
| ३७ | ३११२१ | मोटरसाइकल खरीद | ७७० | ० | ० | | ७७० |
| ३८ | ३११३५ | चामे गा भित्र .पा.लघुजलविद्युत आयोजना डि.आर.पि. | २००० | | ५०० | | १५०० |
| ३९ | ३११५८ | चामे विचबजार तल्लोलाइन ढल निर्माण | ८०० | ३०० | | | ५०० |
| ४० | ३११२३ | चामे सिटीहलको लागि फर्निचर खरीद | १००० | ० | ५०० | | ५०० |
| ४१ | ३११२२ | चामे सिटीहलको लागि साउण्ड सिस्टम खरीद | ५०० | ० | ५०० | | |
| ४२ | ३११२२ | बैकल्पीक उर्जा सुधारीएको चुलो खरीद | ५०० | ५०० | | | |
| ४३ | ३११२२ | विपद् व्यवस्थापनको लागि ओके टकी सेट खरीद | ५०० | ५०० | | | |
| ४४ | ३११२२ | गाभवन.पा. परिसरमा ढलान | ५०० | ५०० | | | ० |
| ४५ | ३११२३ | साना किसान सहकारी फर्निचर निर्माण सहयोग | ३०० | ३०० | | | ० |
| ४६ | ३११३५ | टोल विकास संस्था विधान निर्माण गठन तथा संचालन र फोहरमैला व्यवस्थापन | २०० | २०० | ० | | ० |
| ४७ | २२५२२ | सामाजिक रुपमा पछि परेका महिला बाल वालीका दलित अपाङ्गता भएका व्यक्ती जेष्ठ नागरीक अलपसंख्यक सिमान्त कृत समुदायको सामाजिक तथा आर्थिक उत्थान कार्यक्रम | ५०० | ० | ० | | ५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४८ | ३११३५ | तिमाङ सिक्लेस मोटरेवल सडक सम्भाव्यता अध्यय | १५०० | १५०० | ० | | ० |
| ४९ | ३१५११ | भैपरी आउने पूँजीगत खर्च | २५०० | १५०० | ० | | १००० |
| | | **जम्मा =** | ५५६२० | ३५४०० | २३०० | ० | १७९२० |

(घ) वडास्तरीय आयोजनाहरु

वडा नं. १ रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| १ | ३११५४ | तिमाङ बस्ति संरक्षण तटवन्धन | १००० | १००० | ० | | |
| २ | ३११५१ | चार्चे जाने बाटो क्रमागत | ७०० | | ७०० | | |
| ३ | ३१११२ | गौरिशंकर भान्सा कोठा र बाथरोम मर्मत | २००० | २००० | ० | | |
| ४ | ३११५८ | स्यार्कु ढल निकास क्रमागत | १००० | १००० | | | |
| ५ | ३११५१ | पावरहाउस देखि प्रसन्न होटल सम्म सिढी निर्माण | ८०० | | ८०० | | |
| ६ | ३११५१ | स्यार्कु बाट झो पु हुँदै थान्चोक जाने बाटो | ५०० | | | | ५०० |
| | | **जम्मा =** | ६००० | ४००० | १५०० | ० | ५०० |

वडा नं. २ रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| १ | ३११५१ | पोखुडाडा देखि सल्लाघारी जाने मोटर बाटो पुन निर्माण | १००० | १००० | ० | | |
| २ | ३११५४ | थान्चोक गाउँ वस्ती संरक्षण | २५०० | २५०० | ० | | |
| ३ | ३११५८ | थान्चोक गाउँ ढल निर्माण क्रमागत | ५०० | ० | ० | | ५०० |
| ४ | ३११५१ | थानचोक देखि कजिनसारा जाने पर्यटकिय पदमार्ग निर्माण | ५०० | ० | ० | | ५०० |
| ५ | ३११५१ | ऐडा कों देखि पोखुडाडा सम्म पर्यटकीय बाटो निर्माण | २०० | | २०० | | |
| ६ | ३१११२ | आमा समुह भान्सा घर निर्माण | ५०० | ० | ५७ | | ४४३ |
| | | **जम्मा =** | ५२०० | ३५०० | २५७ | ० | १४४३ |

वडा नं. ३ रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| १ | ३११५४ | कोतो मर्स्याङदी तटवन्धन | १५०० | १५०० | ० | | |
| २ | ३११५४ | कोतो वस्ती संरक्षण | १५०० | १५०० | ० | | |
| ३ | ३११५४ | गुम्वा पछाडी ठाडो खोलामा तटवन्धन निर्माण | १००० | १००० | ० | | |
| ४ | ३११५९ | छितपु खोलामा मोटरेवल पूल मर्मत | २०० | ० | २०० | | |
| ५ | ३११५४ | खानेपानी मुहानमा जाने बाटो निर्माण | १०० | | ० | | १०० |
| ६ | ३११५४ | छितिपुर वस्ति संरक्षण | १००० | १००० | ० | | |
| ७ | ३११५९ | कोतो स्तुपा पार्क कम्पाउण्ड निर्माण | ७०० | ७०० | ० | | |
| | | **जम्मा =** | ६००० | ५७०० | २०० | ० | १०० |

वडा नं. ४ रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| १ | ३११५९ | हेलिप्याड निर्माण | ५०० | ५०० | ० | | |
| २ | ३११५४ | नमस्ते गेट देखि चिहानघाट सम्म बस्ति संरक्षण | १००० | ० | ० | | १००० |
| ३ | ३११५९ | चिहान घाट निर्माण | १००० | १००० | ० | | |
| ४ | ३११५९ | छारथाङ खाल्टोमा तिर हान्ने ठाउ निर्माण | १००० | २०० | ० | | ८०० |
| ५ | ३११७१ | नयां बजारको माने च्युङ पुन निर्माण | १५०० | १५०० | ० | | |
| | | **जम्मा =** | ५००० | ३२०० | ० | ० | १८०० |

वडा नं. ५ रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको जनसहभागिता |
|---|---|---|---|---|---|---|---|
| १ | ३११५४ | ५ नं वडा वस्ती संरक्षण | १५०० | १५०० | ० | | |
| २ | ३११५८ | ढल तथा फोहर व्यवस्थापन मर्मत | ५०० | | ० | | ५०० |
| ३ | ३११५९ | फुदोङ महेन्दाङ निर्माण | १००० | १००० | ० | | |
| ४ | ३११५४ | तातोपानी पुन निर्माण र संरक्षण | १००० | १००० | ० | | |
| ५ | ३११५४ | तलेखु बस्ती संरक्षण | ५०० | ५०० | ० | | |
| ६ | ३११७१ | ५ नं वडा कार्यालय भवन मर्मत | ५०० | ५०० | ० | | |
| ७ | ३११२२ | पिठो पिस्ने मिल खरीद | ५०० | | ० | | ५०० |
| | | **जम्मा =** | ५५०० | ४५०० | ० | ० | १००० |

(ङ) संघिय सरकार समपुरकअनुदानका आयोजनाहरु (विपद् व्यवस्थापन अन्तर्गत मर्स्याङदी र ठाडोखोलाहरुमा तटवन्धन)

रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार विषेश अनुदान |
|---|---|---|---|---|
| १ | ३११५४ | तिर्चुङगाल्ता बस्ति संरक्षण | १४०० | १४०० |
| २ | ३११५४ | सिटिहल देखि चिहानघाट सम्म बस्ति संरक्षण | ३६०० | ३६०० |
| ३ | ३११५४ | बिजुलि पावरहाउस देखि एक्याप कार्यालय संम बस्ति संरक्षण | १८०० | १८०० |
| ४ | ३११५४ | हुलाक कार्यालय देखि दाया बाया २०० मि सम्म . बस्ति संरक्षण | ३६०० | ३६०० |
| ५ | ३११५४ | विध्युत कूलो मुनीबाट स्कूल स्याउबारीसम्म तटवन्धन | १८०० | १८०० |
| ६ | ३११५४ | माडा झो पू बाट स्याउवारी कुनासम्म तटवन्धन | ३००० | ३००० |
| ७ | ३११५४ | लोकप्रिय मा(मर्स्याङदी) संरक्षण.वि. | १८०० | १८०० |
| | | **जम्मा =** | १७००० | १७००० |

(च) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम - शसर्त अनुदानको आयोजनाहरु

रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान |
|---|---|---|---|---|
| १ | २६३३२ | शसर्त अनुदान चालु तर्फका कार्यक्रमहरु | ५४४०० | ५४४०० |
| २ | २६३३६ | शसर्त अनुदान पूँजीगत तर्फका कार्यक्रमहरु | २७००० | २७००० |
| | | **जम्मा =** | ८१४०० | ८१४०० |

(छ) प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम - विशेष अनुदानको आयोजनाहरु

रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान |
|---|---|---|---|---|
| १ | ३११११ | लोकप्रिय मा वि छात्रवास भवन निर्माण | ७००० | ७००० |
| | | **जम्मा =** | ७००० | ७००० |

(ज) प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम - समपुरक अनुदान

रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान |
|---|---|---|---|---|
| १ | ३१११२ | थान्चोक स्वास्थ्य चौकी निर्माण | ५००० | ५००० |
| | | **जम्मा =** | ५००० | ५००० |

(झ) नेपाल सरकार संस्कृति पर्यटन तथा नागिरक उड्डयन मन्त्रालयबाट हस्तान्तरित - पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम -अन्य अनुदान (को ले नि का विविध खाता मार्फत निकाशा हुने)

रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान |
|---|---|---|---|---|
| १ | ३११५१ | चामे बसपार्क निर्माण | २९६५७ | २९६५७ |
| | | **जम्मा =** | २९६५७ | २९६५७ |

(ञ) नेपाल सरकार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयबाट हस्तान्तरित - उद्योग ग्राम पूर्वाधार विकास कार्यक्रम -अन्य अनुदान (गा.पा. विविध खातामा निकाशा प्राप्त भएको)

रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार- समानिकरण अनुदान |
|---|---|---|---|---|
| १ | ३११५९ | चामे उद्योगग्राम निर्माण | ६००० | ६००० |
| | | **जम्मा =** | ६००० | ६००० |

ट. शसर्त अनुदान तर्फ रु.१४ करोड ६० लाख ५७ हजार रहेको छ